# गण्डकी गाउँपालिका
## Gandaki Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichok, Gorkha

पत्र संख्या(Reference No): ०७९/०८०  गण्डकी प्रदेश, नेपाल
चलानी नं.(Dispatch No):  मिति(Date): २०७९/०४/०२

### रोजगार सहायकको सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

*(प्रकाशित मिति : २०७९/०४/०२)*

यस गण्डकी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाल नागरिकहरुले १५ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१-२०७९/०८० | रोजगार सहायक | सहायक स्तर पाचौं | १ जना | रु. ५०० |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:
   क) नेपाल सरकाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको
   ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
   ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको
२. दरखास्त दिने स्थान : गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भुम्लिचोक, गोरखा ।
३. दरखास्त दिने अन्तिम मिति : २०७९/०४/१६ गते कार्यालय समय भित्र
४. छनौटको किसिम : प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा
५. आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरु:
   क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि
   ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
   ग) कम्प्युटर सम्बन्धि आधारभूत सीप सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि र अन्य तालिमहरुको प्रमाणपत्रको प्रतिलिपि
   घ) अनुभव सम्बन्धि कागजातको प्रतिलिपि
   ङ) २ प्रति पासपोर्ट साइजको फोटो
६. सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुने छ ।
७. **दरखास्त दस्तुर जम्मा गर्ने तरिका:** कृषि विकास बैंक, गण्डकी शाखामा रहेको गण्डकी गाउँपालिकाको ग-१-१ **आन्तरिक राजश्व खाता नं** ०३२५८०१४९१८३५१४० मा राजश्व जम्मा गरेको भौचर वा राजश्व शाखामा राजश्व बुझाएको नगदी रसिद ।
८. दरखास्त फारम यस गाउँपालिकाको वेवसाईट www.gandakimun.gov.np मार्फत प्राप्त गर्न सकिनेछ । दरखास्त फारम गाउँपालिकाको इमेल vacancy.gandakigapa@gmail.com मार्फत समेत पेश गर्न सकिनेछ ।
९. परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।

थप जानकारीको लागि ९८५६०१०९७६ वा ९८६३४४७१९८ मा सम्पर्क गर्न सकिने छ ।

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत